महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाण्डौं ।

सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रतिवेदन
(२०८० कार्तिक १ देखि पौष मसान्त सम्म)

१. **परिचयः** नेपालको संविधान २०७२ को धारा २४१ अनुसार संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीपरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण व्यवस्थापन गर्ने गरेको छ ।

२. **कार्यालयको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि "जवाफदेहीता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था" गन्तव्य "राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" र मूल्यमान्यतामा "निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता र जवाफदेहिता" रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, आर्थिक कार्यविधी तथा वित्तीय

४. प्रचलित ऐन, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

५. **लेखापरीक्षण प्रकारः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तीय, कार्यमूलक र परिपालनाको लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण लगायतका विशेष तथा कार्यमूलक लेखापरीक्षण गर्दै आएको छ ।

६. **लेखापरीक्षण प्रक्रियाः** लेखापरीक्षण व्यवस्थापन गर्दा मुख्यतः लेखापरीक्षण योजना तर्जुमा, योजना कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण गर्ने कार्य गर्ने गरिन्छ । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ । जोखिम बर्गिकरण अनुसार विस्तृत र न्यून जोखिमयुक्त कार्यालयमा विभक्त गरी लेखापरीक्षण कार्य सम्पन्न गर्ने गरिएको छ ।

७. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्थाः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जारी भएको छ ।

८. **सूचना अधिकारीः** कार्यालयबाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको रुपमा निर्देशक श्री रमेश सुवेदी (फोन नं. ०१-४७७०६८७, मोवाइल नं. ९८५१३५४०२६ इमेलः dir.admin@oagnep.gov.com) लाई नियुक्त गरिएको छ ।

९. **सूचना प्रवाहको माध्यमः** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेवसाइट (www.oag.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अन्तर्गत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ ।

१०. **तेस्रो त्रैमासिकमा सूचना माग गरेको विवरणः** सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरी २०८० कार्तिक १ देखि पौष मसान्त सम्म माग गरेको सूचना र सो सम्बन्धमा सम्बन्धमा उपलब्ध गराएको सूचना तथा जवाफको विवरण देहाय बमोजिम छः

सि.नं.	सूचना माग गर्ने, मिति	माग गरेको विषय	सूचना वा जानकारी उपलब्ध गराएको विवरण र मिति
१.	श्री सुभाष शाह, काठमाडौं-२९, मिति २०८०।९।३	सरकारी बाँकी रकम असुल उपरको अवस्था सम्बन्धमा। (सूचना अधिकारी समक्ष)	यस कार्यालयले मिति २०८०।९।८, चलानी नं. ३५२ बाट निजलाई सो सम्बन्धमा आवश्यक जवाफ प्रदान गरेको।
२.	श्री सुभाष शाह, काठमाडौं-२९, मिति २०८०।९।११	सरकारी बाँकी रकम असुल उपरको अवस्था सम्बन्धमा।(कार्यालय प्रमुख समक्ष)	यस कार्यालयले मिति २०८०।९।१८, चलानी नं. ३६३ बाट निजलाई सो सम्बन्धमा आवश्यक जवाफ प्रदान गरेको।

१०. **निष्कर्षः** जिम्मेवारी एवं जवाफदेहिताको प्रर्वद्धन गर्न पारदर्शिताको आवश्यक पर्ने र पारदर्शिताको मापन सूचना प्रवाहबाट गर्न सकिने भएकोले सूचना प्रवाहको भूमिका महत्वपूर्ण रहेको छ । सूचना प्रवाहले पारदर्शिता प्रर्वद्धन गर्दै जिम्मेवारी र जवाफदेहिता बहनमा सघाउ पुग्न गई कार्यालयको कार्यसञ्चालन स्तर वृद्धि हुने तर्फ कार्यालयले विशेष ध्यान दिदै आएको छ ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१८

(रमेश सुवेदी)
निर्देशक/सूचना अधिकारी